दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३२३ | बुटवल | २०८२ मंसिर १७ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday December 03, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## समानुपातिकतर्फको निर्वाचन कार्यक्रम मंसिर २१ देखि

काठमाडौं । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम मंसिर २१ गतेदेखि सुरु हुने भएको छ।

निर्वाचन कार्यक्रमअनुसार समानुपातिक प्रणालीमा भाग लिन चाहने राजनीतिक दलले मंसिर २१ देखि २३ गतेसम्म निवेदन दिन सक्ने निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। प्राप्त भएका निवेदन उपर अध्ययन गरी मंसिर २६ गतेसम्म स्वीकृत गरिने उनले बताए।

त्यसैगरी आगामी पुस १३ र १४ गते समानुपातिक तर्फका उमेदवारको बन्दसूची पेस गर्ने समय तोकिएको छ भने माघ ४ गते प्रारम्भिक सूची प्रकाशित गरिने प्रवक्ता भट्टराईले जानकारी दिए । प्रारम्भिक सूची उपर दाबी-विरोध र उजुरीको छानबिन गरी माघ २० गते उमेदवारहरूको बन्दसूची अन्तिम प्रकाशन गरिने उनले बताए।

विद्यमान कानुनअनुसार प्रतिनिधिसभाका २७५ सदस्यको चयन प्रत्यक्ष र समानुपातिक गरी दुई प्रणालीबाट हुनेछ । प्रतिनिधिसभामा १६५ सदस्यको प्रत्यक्ष र बाँकी ११० सदस्यको चयन एक समानुपातिक प्रतिनिधित्वद्वारा गरिने कानुनी व्यवस्था रहेको छ। प्रत्यक्षतर्फ भने आगामी माघ ६ गते उम्मेदवारी मनोनयनको गर्ने कार्यतालिका रहेको छ।

## महाधिवेशनले देशलाई संवैधानिक ट्र्याकमा फर्काउने संकल्प गर्छ : ओली

काठमाडौं । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देशलाई संवैधानिक ट्र्याकमा फर्काइने दाबी गरेका छन् । मंगलबार पार्टी कार्यालय च्यासलमा आयोजित कार्यक्रममा उनले देशलाई ट्र्याकमा फर्काउने संकल्प गरिने सुनाए।

"महाधिवेशनले थोरै शब्दमा धेरै कुरा नेपाली जनता, विश्व समक्ष भन्नेछ। यसले देशलाई फेरि संवैधानिक ट्र्याकमा फर्काउने कुराको उद्घोष, संकल्प पनि गर्छ। त्यसलाई साकार पनि पार्छ।"- ओलीले भने।

उनले महाधिवेशन केन्द्रित भएर जुट्न नेता-कार्यकर्तालाई आह्वान गरे। मंसिर २७ देखि २९ गतेसम्म एमालेको महाधिवेशन हुँदैछ।

## ६ जना राजदूतको राजीनामा स्वीकृत

बुटवल। सरकारले परराष्ट्र मन्त्रालयमा हाजिर भई कामकाज गर्ने गरी फिर्ता बोलाएकामध्ये राजीनामा दिने राजदूतको संख्या ६ पुगेको छ । पछिल्लो राजीनामा मलेसियाका लागि नेपाली राजदूत नेत्रप्रसाद तिम्सिनाबाट आएको हो । उनीसहित ६ जना राजदूतको राजीनामा स्वीकृत भइसकेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ।

"६ जना राजदूतको राजीनामा स्वीकृत भएको छ," परराष्ट्र मन्त्रालय स्रोतले भने-"परराष्ट्रमा हाजिर भई कामकाज गर्ने गरी फिर्ता बोलाइएका ११ जनामध्ये पाँच जना मन्त्रालयमा हाजिर भैरहनु भएको छ।"

बेलायतका लागि राजदूत चन्द्रकुमार घिमिरे, चीनका लागि राजदूत कृष्णप्रसाद ओली, कतारका लागि राजदूत रमेशचन्द्र पौडेल, अमेरिकाका लागि राजदूत लोकदर्शन रेग्मी, रुसका लागि राजदूत जंगबहादुर चौहान र मलेसियका लागि राजदूत नेत्रप्रसाद तिम्सिनाले दिएको राजीनामा स्वीकृत भएको हो । परराष्ट्रमन्त्रीको हैसियतमा प्रधानमन्त्री सुशीला कार्कीले कात्तिक १७ गते ११ देशका नेपाली राजदूतलाई कात्तिक २० गतेभित्र परराष्ट्र मन्त्रालयमा रही कामकाज गर्ने गरी फिर्ता बोलाउने निर्णय गरेकी थिइन्।

प्रधानमन्त्री कार्कीले परराष्ट्र मन्त्रालयमा रही काम गर्ने गरी बोलाएका राजदूतहरूमा कृष्णप्रसाद ओली (चीन), शाहिल रुपाखेती (जर्मनी), दुर्गाबहादुर सुवेदी (जापान), धनप्रसाद पण्डित (इजरायल), नेत्रप्रसाद तिम्सिना (मलेसिया), रमेशचन्द्र पौडेल (कतार), जंगबहादुर चौहान (रुस), डा. नरेशविक्रम ढकाल (साउदी अरेबिया), चन्द्रकुमार घिमिरे (बेलायत), लोकदर्शन रेग्मी (अमेरिका) र शनिल नेपाल (स्पेन) थिए। यीमध्ये सुवेदी परराष्ट्र सेवाबाट अवकास प्राप्त सहसचिव हुन् भने बाँकी सबै राजनीतिक कोटामा राजदूत भएकाहरू थिए।

असोज ३० गतेको मन्त्रिपरिषद्को बैठकले एक साथ ११ देशमा कार्यरत नेपाली राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो।

गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनपछि कार्कीको नेतृत्वमा गठित सरकारले राजनीतिक कोटामा राजदूत भएकाहरूलाई फिर्ता बोलाउने निर्णय गरेको थियो।

मन्त्रिपरिषद्को बैठकले ११ राजदूतलाई फिर्ता बोलाउँदै कात्तिक २० गतेभित्र नेपाल फर्कन भनेपछि सर्वोच्च अदालतमा रिट परेको थियो।

कात्तिक १६ गते सर्वोच्च अदालतले ११ देशका राजदूत फिर्ता गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो । त्यसपछि कात्तिक १७ गते परराष्ट्रमन्त्रीको हैसियतमा प्रधानमन्त्री कार्कीले ११ राजदूतलाई परराष्ट्रमा हाजिर भई कामकाग गर्ने गरी बोलाएकी थिइन्। यसरी बोलाइएकामध्ये ६ जनाले राजीनामा दिएका हुन्।

# लुम्बिनीमा 'विश्व शान्ति'का लागि २५ अर्बपति जुट्दै



**लुम्बिनी संवाददाता**
*बुटवल*

पछिल्लो समय लुम्बिनीमा उच्चस्तरीय कार्यक्रमले गति लिन थालेका छन् । यसैक्रममा 'विश्व शान्ति कार्यक्रम' मा सहभागी हुन विभिन्न देशका २५ अर्बपतिहरू बुद्ध जन्मस्थल लुम्बिनी आउने भएका छन्। उनीहरु यहाँ आएर विश्व शान्ति कार्यक्रममा सहभागी हुनेछन्। समृद्ध भविष्यका लागि शान्ति' भन्ने मूल नारासहित विश्व शान्ति कार्यक्रम-३ आगामी डिसेम्बर १० देखि १३ सम्म बुद्ध जन्मस्थल लुम्बिनी र रामग्राममा हुन लागेको हो।

आयोजक संस्था द प्रामिज्ड ल्यान्ड फाउन्डेसनले मंगलबार पत्रकार सम्मेलन गरी कार्यक्रमको बारेमा जानकारी गराएको छ। नेपाल पर्यटन बोर्ड, नेपाल वर्ल्ड यूथ फेडरेसन, लुम्बिनी सांस्कृतिक नगरपालिका, लुम्बिनी विकास कोष र काठमाडौं विश्वविद्यालयको सहकार्यमा कार्यक्रम आयोजना गर्न लागिएको हो।

आयोजक संस्थाका प्रमुख निकेश अधिकारीकाअनुसार कार्यक्रममा १० हजारभन्दा बढी सहभागी उपस्थित हुनेछन्। कार्यक्रममा संयुक्त राष्ट्रसंघका सांस्कृतिक दूत, विश्वका प्रतिष्ठित व्यवसायी, विद्वान, कलाकार, युवाहरू र समुदाय प्रतिनिधि सहभागी हुने उनले जानकारी दिए। कार्यक्रमको मुख्य आकर्षणका रूपमा फर्च्युन जेनेरेसनका २५ जना विश्वप्रसिद्ध अर्बपति पहिलोपटक नेपाल आउनेछन्।

कार्यक्रम बुद्ध जन्मस्थल लुम्बिनी र संसारकै एक मात्र अवशिष्ट रामग्राम स्तुपामा केन्द्रित हुनेछ। नेपालकै सांस्कृतिक तथा आध्यात्मिक सम्पदालाई शान्ति र साझा समृद्धिको विश्वव्यापी बहसको केन्द्रमा ल्याउने उद्देश्यले यो कार्यक्रम आयोजना गरेको आयोजक संस्थाका प्रमुख अधिकारीले जानकारी दिए।

कार्यक्रममा विभिन्न मुलुकका तीनजना पूर्व राष्ट्रप्रमुख पनि सहभागी हुने उनले बताए।

कार्यक्रमकी मिडिया संयोजक सुलोचना खतिवडाका अनुसार भारत केरलास्थित सिगल इन्टरनेसनल ग्रुपका अध्यक्ष सुरेशकुमार मधुसुधान, स्वतन्त्र स्लोभेनियाका प्रथम प्रधानमन्त्री तथा युरोपेली संसदका पूर्वसदस्य लोज्जे पिटरले, इथियोपियाका पूर्वप्रधानमन्त्री ताम्रत लेन, युएई र भारतमा व्यापार गर्दै आएका इराम होल्डिङ्सका डाक्टर सिद्दिक अहमदलगायतका व्यक्ति कार्यक्रममा सहभागी हुँदै छन्।

उनले नेपालको वर्तमान अवस्थाको सेफल्यान्डिङ लुम्बिनीबाट गरी उज्ज्वल भविष्य निर्माण गर्ने, विश्वलाई शान्तिको सन्देश संसारभर लाने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी दिइन्।

**के के हुनेछ ?**

कार्यक्रममा शान्ति, जलवायु, विकास, सामाजिक न्याय तथा व्यक्तिगत कल्याण सम्बन्धी उच्चस्तरीय संवाद, सांस्कृतिक प्रस्तुति, संगीत र कलाका कार्यक्रम हुनेछन्। यस्तै डिसेम्बर १२ मा रामग्राम स्तुपामा आयोजना हुने दीप प्रज्ज्वलन समारोहमा हजारौँ दीप प्रज्ज्वलित गर्दै विश्व शान्तिका लागि सामूहिक प्रार्थना गरिनेछ।

विश्व शान्ति कार्यक्रम २०२३ मा संयुक्त राष्ट्रमहासचिव एन्टनियो गुटेरेसले लुम्बिनी यात्रा गरी शान्तिको सन्देश दिएपछि सुरु भएको हो। तेस्रो संस्करणमा २५ जना विश्व अर्बपति उपस्थिति हुने कारण नेपालमा ठूलो लगानी, बहुक्षेत्रीय साझेदारी र परिवर्तनकारी परियोजनाका अवसर खुल्ने अपेक्षा समेत व्यक्त गरिएको छ।

# तानसेनले ४० उद्योगको बजार सुनिश्चिता गर्ने



**कृष्ण पोखरेल**
*पाल्पा*

तानसेन नगरपालिकामा वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्धन कार्यक्रम सुरु भएको छ। तानसेन नगरपालिकाको लगानी र दायित्व संस्थाको प्राविधिक सहयोगमा नगर भित्रका ४० वटा लघु तथा साना उद्यमहरुलाई स्तरीकरण र स्तरउन्नति गरी आर्थिक क्षेत्रमा टेवा पुऱ्याउने उद्देश्यका साथ कार्यक्रम लागु भएको हो।

नगरपालिकाभित्रका १४ वटै वडाबाट कृषि, पशुपालनमा आधारीत उद्यम, जडीबुटी तथा वन पैदावारमा आधारित उद्यम, पर्यटनमा आधारित उद्यम, ढाका, करुवामा आधारित उद्यम, सेवामा आधारित उद्यमहरुमा आधारित रहेर वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्धन कार्यक्रम सञ्चालन हुनेछ। जसको लागि तानसेन नगरपालिकाले ऐन नियम, निर्देशिका बनाई कार्यान्वयन गर्न लागेको हो।

लामो समयदेखि उद्यम गर्दै आएका, दिर्घकालीन सोंच भएका, रोजगारी प्रदान गरेका उद्यमहरुको उत्पादनलाई राष्ट्रिय, अन्तरराष्ट्रिय बजारसँग जोड्ने, उत्पादनमा वृद्धि गराउने, विचौलिया हटाउने, रोजगारी बढाउने, स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म आर्थिक कारोबारमा वृद्धि गराउने कार्यक्रमको मुख्य लक्ष्य रहेको तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले बताए । रोजगारी प्रवर्धन कार्यक्रमको लागि तानसेन नगरपालिकाले ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

उद्यमी छनौटको लागि प्रत्येक वडा-वडामा आवेदन माग भएको, आएका निवेदनहरुबाट ४० वटा उद्यमहरु छनौट हुनेछन्। कार्यक्रमले सुरुको चरणमा ४० वटा उद्यमीहरुलाई विभिन्न विधि र प्रक्रियाबाट छनौट गर्नेछ। दोस्रो चरणमा ४० उद्यमीबाट उत्कृष्ट २० उद्यमी छानिने छन् । तेस्रो चरणमा २० उद्यमीबाट उत्कृष्ट १० उद्यमी छानिने तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरीले बताए।

शहर तथा ग्रामीण क्षेत्रमा रहेका साना तथा लघु उद्यमहरुलाई क्षमतावान बनाउँदै रोजगारी, आयआजर्न वृद्धि गर्ने, प्रदेश तथा संघ क्षेत्रमा शासकीय क्षमता सुधार तथा बहु सरोकारवाल बिच एक आपसमा भएका ज्ञान, अनुभव आदान प्रदान गर्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको दायित्वका वरिष्ट कार्यक्रम प्रवन्धक सञ्जय पोखेलले बताए।

उद्यमहरुको भाट भटेनी, पैचो, विभिन्न स्थानका बजार मण्डीहरु पुहच सुनिश्चितता गरेको उनले बताए।

आफ्नो घरपरिवार, गाउँठाउँमा बसेर उद्यम गर्ने, रोजगारीमार्फत् आय आर्जन बढाउने, कृषि, पशु तथा पर्यटनमा आधारित रहेर नगरपालिकाले दायित्वसँग मिलेर काम सुरु गरेको नगर प्रवक्ता यादव सिंह कार्कीले बताए। यो कार्यक्रमले उद्यमीहरुलाई सक्रिय बनाउने, नयाँ-नयाँ ज्ञान सीप प्रदान गर्ने, प्रतिस्पर्धा बढाई गुणस्तरीय उत्पादनमा क्रियासिल बनाउने, उद्यमीहरुलाई विचौलियबाट बचाई श्रममा आधारित रहेर बजार मूल्य प्रदान गर्ने तानसेनन नगरपालिकाका योजना अधिकृत एव फोकल पर्सन दुर्गाबहादुर थापाले बताए।

पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले जिल्लाका सञ्चार उद्यमहरुलाई कार्यक्रममा समावेश गरेर लैजानुपर्नेमा जोड दिए । २०८३ जेष्ठ १५ गतेसम्म अवधि रहेको कार्यक्रमको बजेट तानसेन नगरपालिकाको ५० लाख, दायित्वको १० लाख गरी ६० लाख रुपैयाँ रहेको छ।



## सम्पादकीय

# सुशासनको धज्जी

लुम्बिनी विकास कोषका पदाधिकारी नियुक्ति खुला प्रतिस्पर्धाबाट गर्नुपर्ने प्रावधान हुँदाहुँदै सरकारले सिधैं नियुक्ति गरेर सुशासनको धज्जी उडाएको छ। प्रधानमन्त्री सुशीला कार्कीले सुशासनको चर्को कुरा गर्दै आएकी छिन्, तर उनका व्यवहार सुशासन प्रवर्धन गर्ने खालका पटक्कै छैनन् ।

लुम्बिनी विकास कोषमा भएको यो नियुक्ति मात्रै होइन्, अरु विषयमा पनि उनको भूमिकाले सुशासनप्रति उनको प्रतिबद्धतामा प्रश्न उठेको छ । केही समयअघि कालो धनलाई लगानीको स्वीकृति दिएर उनी विवादमा आइन् तर मन्त्रिपरिषद्ले गरेको निर्णय मुख्यसचिवले प्रमाणीकरण नगरीदिएका कारण निर्णय कार्यान्वयन भएन् । प्रधानन्यायाधीशको जिम्मेवारीमा रहँदा उनको छवि निष्कलङ्क थियो, अहिले पनि उनको त्यही छवि अपेक्षित थियो, तर एकपछि अर्को विवादित क्रियाकलापले उनी समस्यामा परेकी छिन् । यो सरकारको काम चुनाव गराउने हो । तोकिएको मितिमा चुनाव गराउन सक्दा मात्रै यो सरकारको सफलता ठहरिन्छ। राजदूतलाई विना कारण फिर्ता गराउने उनको विवेकहीन निर्णय हो ।

लुम्बिनी विकास कोषमा राजनैतिक भागबण्डाका आधारमा पदाधिकारी नियुक्ति हुँदै आएको छ । भागबण्डाले पदाधिकारी नियुक्त हुँदा लुम्बिनीको विकासमा बाधा पुगेकोले प्रतिस्पर्धाबाट नियुक्त गर्ने परिपाटीको विकास गर्नुपर्ने आवाज बारम्बार उठ्दै आएको छ । सुशासनको प्रवर्धनको लागि बारम्बार आवाज उठाएको व्यक्ति प्रधानमन्त्री हुँदा सुशासन बढाउने ढंगले निर्णय हुन्छ भन्ने अपेक्षित थियो । प्रधानमन्त्री कार्कीका लागि यो एउटा अवसर थियो, उनले पाएको अवसर सदुपयोग गर्दा लुम्बिनीप्रति न्याय हुन्थ्यो । लुम्बिनी जस्ता सम्पदाको विकासमा खडा गरिएका सबै संस्थामा पदाधिकारी नियुक्ति प्रतिस्पर्धाबाट हुँदा त्यसको सकारात्मक सन्देश प्रवाह हुन्थ्यो । इच्छाशक्ति भए काम गर्न सकिन्छ भन्ने सन्देश प्रवाहको बहुआयामिक अर्थ हुन्थ्यो ।

कोषको उपाध्यक्ष ल्हारकाल लामा माओवादी निकट मानिन्छन् । कोषाध्यक्ष सिद्धिचरण भट्टराई तत्कालीन एकीकृत समाजवादी पार्टीका कार्यकर्ता हुन् । पाँचवर्षे पदावधि सकेर बिदा भएका सदस्यसचिव सानुराजा शाक्य एमाले निकट थिए । दल निकट कार्यकर्ता भर्तीको थलो मानिएको कोषप्रति दिनप्रतिदिन विश्वास खस्किदो छ । खस्केको विश्वास उकासेर लुम्बिनीको बृहत्तर विकासका लागि सरकारले खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्नु उत्तम हुन्थ्यो । माओवादी नेता नारायणकाजी श्रेष्ठ निकट मानिने नवनियुक्त सदस्य सचिव श्रेष्ठको नियुक्तिमा उठेको प्रश्नले प्रधानमन्त्री कार्कीले बोलीअनुसार व्यवहार मिलाउन नसकेको प्रष्ट भएको छ ।

# नेप्से परिसूचकमा झिनो अंकको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार झिनो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक शून्य दशमलव ५३ अङ्कले घटेर दुई हजार ६४४ दशमलव ७० को विन्दुमा कायम भएको हो ।

३२४ कम्पनीको एक करोड आठ लाख १० हजार १०६ कित्ता शेयर ५६ हजार नौपटक खरिदबिक्री हुँदा रु चार अर्ब ४८ करोड १३ लाख ९४ हजार १४९ बराबरको कारोबार भएको छ । कारोबारमा बैङ्किङ शून्य दशमलव ५८, होटल तथा पर्यटन शून्य दशमलव ६२, लगानी शून्य दशमलव ०४, जीवन बिमा शून्य दशमलव ५७ र लघुवित्त समूह शून्य दशमलव ०६ प्रतिशतले घटेको छ । अरू सबै समूहको उपसूचक बढेको छ। विकास बैङ्क शून्य दशमलव १७, वित्त शून्य दशमलव २७, जलविद्युत् शून्य दशमलव ७०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५१, म्युचुअल फन्ड शून्य दशमलव २५, निर्जीवन बिमा शून्य दशमलव २६ र व्यापार समूहको उपसूचक शून्य दशमलव ७५ प्रतिशतले बढेको छ ।

कारोबारमा ६ कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सागर डिस्टिलरी लिमिटेड, स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड, झापा इनर्जी लिमिटेड, मबिलुङ इनर्जी लिमिटेड, बुँगल हाइड्रो लिमिटेड र श्रीनगर एग्रिटेक इन्ड्रस्टिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । सबैभन्दा धेरै गुमाउनेमा भने ग्रिन भेन्चर्स लिमिटेडको शेयर मूल्य नौ दशमलव ८५ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै युनियन हाइड्रोपावर लिमिटेडको रु ३१ करोड ८१ लाख ३५ हजार ४७९ बराबरको छ लाख ३४ हजार ३१९ कित्ता शेयर किनबेच भएको छ ।

# सुशीला कार्की सरकारको असफलता होइन, समग्र राष्ट्रको जित आजको आवश्यकता



युवराज घिमिरे

नेपाल राज्यविहीन राज्यका रूपमा परिणत भएको छ । अर्थात् एउटा विश्वसनीय र प्रभावकारी संविधानले निर्दिष्ट गरेको दायित्व पूरा गर्न राज्य सक्षम छ भन्ने मान्यता जनताले गुमाएका छन् ।

राज्य सञ्चालनको जिम्मा लिएको सरकारको संवैधानिक हैसियत न्यायपालिकामा विचाराधीन छ र विगतमा यो संविधान जारी भएयता केपी ओली सरकारले गरेका दुवै संसद् विघटनलाई सर्वोच्चले उल्टाएपछि स्थापित नजिरका कारण विघटित प्रतिनिधिसभा पुनःस्थापनाका सम्भावनाबारे अड्कलबाजी हुनु अस्वाभाविक होइन ।

त्योसँगै १० हप्ता अघिसम्म सरकारको नेतृत्व गरेको तर सत्तासमक्ष भ्रष्टाचार तथा सामाजिक सञ्जालमाथिको प्रतिबन्ध अन्त्य हुनुपर्छ भनी माग राख्दै विरोध प्रदर्शन गर्नेलाई बाँच्ने अधिकार छैन भन्ने मान्यता प्रदर्शन गरेको केपी ओलीले अहिले स्थापित गर्न खोजेको समानान्तर राज्य प्रवृत्तिले चुनौती र विकराल अराजकताको माहोल सिर्जना गरेको छ ।तैपनि, मुलुकका साना-ठूला कुनै पनि दलले यस मामिलामा आलोचनासम्म गरेका छैनन् । भ्रष्टाचारलगायत विविध आपराधिक गतिविधिमा कानुनभन्दा माथिको हैसियत खोसी फाइदा लिएका यी सबै दलको मौनता कुन मनोविज्ञानबाट निर्देशित छ, बुझ्न कठिन छैन । तर, हामीले अंगीकार गरेको प्रजातन्त्रमा जवाफदेहीपूर्ण दलहरूको विकल्प छैन ।

ओलीलाई गुण्डुमा उनका समर्थकले सुरक्षा दिएका छन्, त्यो हदसम्म आपत्तिको कुरा भएन । तर उनले 'नेसनल भोलेन्टियर्स फोर्स' नामक निजी दस्ता जन्मको घोषणा गर्दै त्यसले आमनागरिक, सञ्चार र सुरक्षाकर्मीलगायतलाई सुरक्षा दिने दाबी गरेका छन् ।

आमसुरक्षा या सार्वजनिक सुरक्षा एउटा दल या त्यसको नेतासँग आबद्ध दस्ताले गर्ने कल्पना 'कविलातन्त्र' मा हुन्छ । तर, त्यो प्रवृत्ति र पात्रलाई कानुनको दायरामा ल्याउन राज्यको उदासीनताले राज्यविहीनताको अवस्थातर्फ संकेत गर्छ । यो दण्डहीनता र त्यसबाट सिर्जित अराजकताको अवस्था सिर्जना हुनुमा केवल ओली जिम्मेवार छैनन् । त्यो संस्कृतिको मलजल र फैलावटलाई आफ्नै खालको शान्ति प्रक्रियामा ल्याइएबापत माओवादीलाई कुनै दण्ड नहुने गोप्य समझदारी १२- बुँदेका मुख्य हस्ताक्षरकर्ताहरूद्वारा अनुमोदित गरिएपछि भएको हो ।

माओवादी सशस्त्र विद्रोहकर्ता तथा आमूल परिवर्तनको लक्ष्यलाई कलिलो दिमागमा बोकी ज्यान गुमाएका र माओवादीद्वारा पीडित दुवैले न्याय नपाउनु आश्चर्यको विषय हो ।

शान्ति-सम्झौतामा हस्ताक्षरपछिका १८ वर्षसम्म अविच्छिन्न सत्ताको नेतृत्व गरेका या सहभागी रहेका दलमा संक्रमणकालीन न्यायप्रति उदासीनता देखिनुले यस्तो समझदारी आशंका होइन, यथार्थ हो भन्ने बुझ्न सकिन्छ ।

अर्थात् भ्रष्टाचार, संविधान, बृहत् शान्ति-सम्झौता र सार्वजनिक प्रतिबद्धताप्रति जवाफदेही हुनुनपर्ने 'अग्रगामी' राजनीतिक विरासत र संस्कारमा जेनजी आन्दोलनले ब्रेक लगाउँदै ओली नेतृत्वको पतन सुनिश्चित गरेपछि गैरजवाफदेही सत्ता संस्कार बलका लागि धराशयी भएको हो । तर, के संविधानले प्रत्यक्ष रूपमा प्रधानमन्त्री हुन नसक्ने भनी श्रेणीबद्ध गरेको पूर्वन्यायाधीश तथा गैरसांसद सुशीला कार्कीको नेतृत्वमा प्रजातन्त्र र संविधानवादको सुनिश्चितता बढ्ला ?

ओलीले यो परिवर्तनको विरोध विशुद्ध रूपमा न्यायपालिकामार्फत या आफ्नै सरकारले गरेको नरसंहारबारे क्षमायाचना गर्दै एउटा 'लोकतान्त्रिक' र असल नियतको व्यक्तिले जसरी राजनीतिक मञ्चबाट उठाएको भए सायद उनी यति संग्दिध हुने थिएनन्, आमजनताको नजरमा ।

गल्ती स्वीकार नगरी 'आक्रामक हुनु नै सबैभन्दा प्रभावशाली बचाउ' हो भन्ने मान्यता अक्सर प्रत्युत्पादक र आत्मघाती हुने गर्छ । उनलाई यसबारे र 'लोकतन्त्र' मा जवाफदेहिताको अपरिहार्यताबारे बुझाउन या आश्वस्त गर्न नसक्नु एमालेको नेतृत्व तहको संस्थागत असफलता हो । तर, यति भन्दाभन्दै पनि कार्कीको नियुक्ति विवादास्पद र फागुन २१ मा निर्वाचनको सम्भावना क्षीण देखिन्छ नै ! त्यो दिनमा निर्वाचन हुन नसके संवैधानिक असर के होला? त्यो सँगै नेपालमा संविधान हाँक्नेहरूले संविधानवादलाई कति सम्मान गर्दै आएका छन् ?

सर्वोच्चका बहालवाला प्रधानन्यायाधीशलाई सर्वोच्च र चार दलको गठबन्धन सरकारका प्रधानमन्त्री बनाइन्छ । अनि कथित ठूला दलका केन्द्रीय समितिहरूले त्यसलाई विरोध गर्छन्, तर मुलुकको राष्ट्रपतिले शक्ति सन्तुलन तथा पृथकीकरणको मौलिक सिद्धान्तको हत्यालाई आफ्नो चिन्तन र उपलब्धिका रुपमा प्रस्तुत गर्छ । अनि त्यो सत्ताको वैधानिकतालाई प्रश्न गर्दै सर्वोच्चमा गुहार लगाउँदा सर्वोच्चले अर्थहीन फैसला दिन्छ, 'मरेपछि औषधि' भन्ने उखानलाई चरितार्थ गर्दै ।

संविधानले जे भने पनि प्रधानन्यायाधीशमा प्रधानमन्त्री बन्ने लोभ र महत्वाकांक्षा खिलराज रेग्मीपछिका उनका उत्तराधिकारीले बोक्दै आएका छन् । भवितव्यले सुशीला कार्कीले त्यो अवसर हासिल गरेकी छन्, तर अति महत्वाकांक्षी कल्याण श्रेष्ठ त्यति भाग्यमानी सावित हुन सकेका छैनन् ।

पदमुक्तिपछि ओलीका 'राजनीति' ज्यादा अराजनीतिक शैलीका भए पनि गुण्डुबाट उनले एउटा सकारात्मक सन्देश दिएका छन् अबको निकास सर्वपक्षीय समझदारीबाट खोजिनुपर्ने सुझावका साथ आमबुझाइमा यसको अर्थ २० वर्षदेखि शान्ति प्रक्रिया, संविधान लेखन र राजनीतिक प्रक्रियाबाट निषेधित राजसंस्था र अन्य शक्तिलाई पनि अब सामेल गराइनुपर्छ भन्ने हो । तर, त्यसबापत भदौ २३ र २४ को नरसंहारका लागि कुनै राजनीतिज्ञ र उच्च पदाधिकारीलाई दण्डित गरिनु हुँदैन भन्ने माग ओलीलाई लक्ष्य गरी विभिन्न कोणबाट आइरहेका छन् । न्यायिक व्यक्तित्व, मानवअधिकारवादी र राजनीतक समूह त्यस्ता समूहमा छन् ।

जब आमहत्या, अपराध र भ्रष्टाचारमा कुनै वर्गको उन्मुक्ति सत्ता र शक्तिको मोलतोलको विषय बन्छ र राजनीति त्यसबाट निर्देशित हुन्छ, त्यहाँ न्याय र संविधानवादको मर्म मर्छ। जनताको नाममा लोकतन्त्रका नाममा २० वर्षको शासनमा मुलुकले पटक-पटक दोहोरिने गरी भोगेको यो अभिशापले नै अहिलेको पद्धति मृत्यु शय्यामा पुगी विधिवत् अन्त्येष्टिको प्रतीक्षामा छ ।

अबको पनि मुख्य एजेण्डा मुलुकमा शान्ति, आन्तरिक राजनीतिमा जनताको स्वायत्त र विवेकसम्मत निर्णयको अधिकारको सुनिश्चितता र निषेधको राजनीतिको अन्त्य ।

नेपालको अस्तित्व संकटमा धकेलिनुको मुख्य कारण मुलुकका आठ मुख्य दलले विदेशी दासत्व स्वीकारी ऐतिहासिक पृष्ठभूमि स्वतन्त्र अस्तित्व सुनिश्चित गरेको राजसंस्थाको षड्यन्त्रपूर्ण तरिकाले अन्त्य गर्नु हो ।

सर्वपक्षीय वार्ता र समझदारी निर्माणको वातावरण बनेमा यो ऐतिहासिक तथ्यका आधारमा मुलुकको वर्तमान र भविष्य खोज्ने बलियो अवसर सावित हुनेछ त्यो । पृथ्वीनारायण शाहलाई निषेध गरेर चन्द्रशमशेरले यो मुलुकको स्वतन्त्रता कायम गर्दै बेलायत साम्राज्यसँग सन्धि गरे सन् १९२३ मा भन्नु इतिहास प्रवाह र नेपाली राजनीतिको अधुरो तथा अपुरो बुझाइ हो ।

पृथ्वीनारायण शाहदेखि राजा ज्ञानेन्द्रसम्म एउटा प्रवल चरित्रले राजसंस्थामाथि यदाकदा ग्रहण लागे पनि मुलुकको धर्म, संस्कृति माटो र स्वतन्त्रतामा उसले सम्झौता गर्दैन भन्ने अतीतका दृष्टान्त स्वीकार गर्दै नयाँ समझदारी बन्नु आवश्यक छ । जेनजी समूहले यो तथ्यगत सत्यलाई बुझ्न बढी जरुरी छ ।

राजनीतिक दलको सहयोग र सहभागिताबिना फागुन २१ मा निर्वाचन हुन सक्दैन । त्यो नहुनु सुशीला कार्कीको भन्दा मुलुकको असफलता सावित हुनेछ । यो जनताले मागेका र स्वाभाविक निर्वाचन होइन । तर, नेपालको राजनीतिक एजेन्डा १२ बुँदेपछि विदेशीले तय गर्दै आएका छन् ।

यसपल्टको संसद विघटन र निर्वाचन घोषणा राष्ट्रपति पौडेलमार्फत् भए पनि जनताको प्रत्यक्ष निर्णय थिएन यो । हो, जेनजी आन्दोलनमाथिको दमनले ओलीलाई आफ्नो 'औकात' देखायो तर त्यसलाई स्वयंले आत्मसात् नगर्नु इतिहासले दिएको अवसरलाई नस्वीकार्नुसरह हुनेछ उनका लागि ।

अहिलेको परिस्थिति उत्पन्न हुनु पछाडिका कारणबारे एकान्तमा मन्थन गरेमा ओलीले अझै पनि मुलुकको साझा 'एजेन्डा' मार्फत् सुनिश्चित भविष्य, स्थायित्व र आर्थिक समृद्धिको खाका कोर्न सामूहिक प्रयासमा योगदान पुऱ्याउन सक्छन् तर एउटा गल्तीबाट सिक्न सक्ने नेपालीको हैसियतमा मात्र ।

सुशीला कार्की सरकारले खासगरी भ्रष्टाचार मामिलामा कुनै ठोस कदम उठाउन सकेको छैन । विभिन्न समूहमा विभाजित केही जेनजीको आक्रोश उनीविरुद्ध तेर्सिन थालेको छ । तै पनि, उनका सचिवालयमा प्रवेश गरिसकेको नातावाद र अनियमितताबारे जनचासो बढ्न थालेपछि उनले तत्काल 'सुधार' को कदम उठाएकी छन्, जुन पहिला हुने गरेको थिएन ।

तर, महत्वपूर्ण कुरा, मुलुकलाई स्थायी रूपमा निकास दिनु हो । कार्कीमा त्यो राजनीतिक हैसियत नभए पनि मुलुकमा संविधान निर्माणदेखि निषेधको राजनीतिको पृष्ठभूमि अध्ययन गर्दै त्यसको सम्बोधनमा विविध पक्षलाई जोड्ने प्रयास उनको दायित्व बन्न सक्छ ।

संविधानले कसैलाई पनि सबै कुरामा स्पष्ट निर्देशन दिन सक्दैन, दिँदैन । तर, परिस्थिति र समस्यासँग जुध्ने क्रममा समस्याका सबै पक्ष वस्तुनिष्ठ रूपमा बुझी मुलुकको सहयोग खोज्नु बुद्धिमानी हुनेछ ।

'चुनाव सम्पन्न गराउनु मात्र मेरो दायित्व हो' भन्ने मान्यताले असफलता र बहिर्गमनको मार्ग सुनिश्चित गर्नेछ । यता, जेनजी र खासगरी ओलीको सुरक्षा र पुनर्निर्वाचनका लागि महत्वपूर्ण भूमिका खेपेका महेश बस्नेतसँग उनी जहाँ जान्छन्, जेनजीसँग भिडन्त हुने गरेको छ । शान्ति-सुरक्षामा खलल पार्ने गरी उनले गरेका कामका आधारमा सत्ताले उनीमाथि कारबाही गर्न सक्छ । तर, जेनजीले बस्नेतको स्वतन्त्र हिँड्डुलको र अभिव्यक्तिका आधारमा अवरोध पुऱ्याए उसको प्रजातन्त्रप्रतिको प्रतिबद्धता नक्कली भएको अर्थ लाग्नेछ ।

त्यस्तै, भदौ २३ को घटनामा निःशर्त क्षमायाचनाका साथ बृहत्, सर्वपक्षीय वार्तामा योगदान पुऱ्याउने हैसियत ओलीसँग छ तर विवेक र दायित्वबाट निर्देशित हुने प्रण र चरित्र ओलीले प्रदर्शित गर्नु आवश्यक हुनेछ । र, अन्त्यमा कार्की सरकारको अराजकताबाट चुनाव सारेमा त्यसले अराजकता र अनिश्चितताको आयतन बढाउँछ मुलुकमा तर नयाँ संविधानबारे समझदारी र जेनजी तथा राजसंस्थालाई ठाउँ दिने गरी नयाँ मिति तय हुनु राष्ट्र हितमा हुनेछ ।

देश सञ्चारबाट

# क्षयरोग सूचना प्रणालीमा सुधार आवश्यक



वीर बहादुर रावल

नेपालमा सबैभन्दा पहिले सन् १९३७ मा टोखाबाट क्षयरोग सेवा सञ्चालन गरिएको पाइन्छ । १९९५ मा डट्स सेवा सुरु भयो । २००६ मा क्षयरोग रोक्ने रणनीतिअनुसार काम भएको छ । साथै २०१६ मा ग्लोवल इण्ड टिबीको नीति अवलम्बन गरिएको छ । २०२४ बाट छोटो अवधिको उपचार विपाल एम.विपाल जस्ता उपयुक्त रेजिमेनवाट क्षयरोगीको उपचार हुँदैछ ।

यसैगरी एआइ एक्सरेबाट देशभरीका संक्रमितको क्षयरोग परिक्षण हुँदैछ । सन् २०५० मा प्रति दश लाख एकभन्दा कममा क्षयरोग संक्रमण हुनुपर्ने नेपाल सरकारले लक्ष्य लिएको छ ।

नेपालमा वर्षेनी नयाँ क्षयरोगीको संख्या ६८ हजार अनुमान गरिएको छ, तर आर्थिक वर्ष २०८१/८२ मा ३९ हजार १ सय ५० जना डिएस र ३९७ जना डि आरका क्षयरोगी मात्र पत्ता लागेका छन् । करिब जम्मा जनसंख्याको आधा जनसंख्यालाई क्षयरोगको सुप्त संक्रमण भएको अनुमान छ । कोभिडबाट नेपालमा १२ हजार जतिको मृत्यु भएको थियो भने क्षयरोगबाट वर्षेनी १६ हजारको मृत्यु हुने अनुमान गरिएको छ ।

नेपालमा क्षयरोगीको सेवासम्बन्धी जानकारी लिन एनटीपीएमआईएस सूचना प्रणाली प्रयोगमा आएको छ । यस सूचना प्रणालीमा देशभरीका सरकारी र गैर सरकारी संस्थाहरूले प्रतिवेदन पेश गरीरहेका छन् । नयाँ क्षयरोगी, उपचारमा रहेका क्षयरोगी र उपचार पुरा गरेका क्षयरोगी साथै हराएका क्षयरोगीको समयमै पूर्ण र सत्य डाटा पत्ता लगाउन यस प्रणालीलाई सुदृढिकरण गर्न तपसिल अनुसारको केही सुझावहरू राखिएका छन् ।

**क्षयरोग व्यक्तिगत डाटा संरक्षण ऐन**

यो ऐनले डेटा सुरक्षाको आधारशिलाको रूपमा काम गर्दछ, जसले व्यक्तिगत डेटाको सङ्कलन, प्रयोग र प्रस्तुतिकरणलाई नियन्त्रण गर्दछ । यसले व्यक्तिगत डेटा दुरुपयोग हुनबाट रोक्दछ ।

यो ऐनले डेटा सुरक्षाको लागि मापदण्डहरू सेट गर्दछ र व्यक्तिहरूलाई उनीहरूको व्यक्तिगत डेटा सम्बन्धी अधिकार प्रदान गर्दछ ।

**क्षयरोग स्वास्थ्य सूचना विधेयक**

यो विधेयकले क्षयरोग सेवा प्रणालीमा सही जानकारी व्यवस्थापनको लागि एक व्यापक रूपरेखा स्थापित गर्ने लक्ष्य राखेर एक महत्वपूर्ण विकासको प्रतिनिधित्व गर्न सक्छ । यो विधेयकवाट क्षयरोग स्वास्थ्य सेवा क्षेत्रमा गोपनीयता र सुरक्षा बढाउने, क्षयरोग स्वास्थ्य जानकारीको सुरक्षित सङ्कलन, पहुँच, प्रयोग मा सहयोग पुग्न सक्छ ।

**साइबर सुरक्षा निर्देशिका तयार**

यो निर्देशिकाले क्षयरोगसम्बन्धी सूचना सुरक्षित गर्न आवश्यक साइबर सुरक्षा मापदण्डहरू तयार गर्न सक्छ । यसले अनधिकृत क्षयरोगको सूचनामा पहुँचमा नियन्त्रण गरी साइबर सुरक्षा खतराहरूसँग सम्बन्धित जोखिमहरूलाई नियन्त्रणमा लिन सहयोग गर्न सक्दछ ।

**डेटा व्यवस्थापन निर्देशिका**

विशेषगरी महामारीको तयारीसँग सम्बन्धित डाटा व्यवस्थापन र निगरानीका लागि निर्देशिकाले क्षयरोग स्वास्थ्य डाटाको गोपनीयता कायम राख्दछ । यो निर्देशिकाले स्वास्थ्य आपतकालको समयमा सङ्कलन गरिएको डाटा सुरक्षित रूपमा ह्यान्डल गरी उचित रूपमा प्रयोग गर्नमा सहयोग गर्न सक्छ ।

**निगरानी र अनुगमन**

सही निगरानी र अनुगमनले क्षयरोग डेटा सुरक्षित रूपमा व्यवस्थापन गरी विशिष्ट उपकरणहरू कसरी प्रयोग गर्ने भन्ने विषयमा सहयोग गर्दछ । यसले वास्तविक समय निगरानी गरी क्षयरोग महामारी खतरालाई नियन्त्रण गर्न सक्दछ ।

**सरकार र सरोकारवालाहरूको संलग्नता**

सरकार र सरोकारवालाहरूको सही संलग्नताले क्षयरोग डेटाको गोपनीयता र सुरक्षाको बारेमा छलफल गरी जनता र सरोकारवालाहरूलाई संलग्न गराउनमा जोड दिन सकिन्छ । यो संलग्नताले प्रभावकारी र सार्वजनिक रूपमा स्वीकार्य नीतिहरू तयार गर्न सहजीकरण गर्दछ ।

**नियमित डेटा लेखा परीक्षण**

सही डेटा लेखा परीक्षणले क्षयरोगीको डाटा को सुरक्षा र कानुन पालना गर्न सकिन्छ । क्षयरोग डेटा ह्यान्डल गर्ने सबै क्षेत्रहरूमा नियमित लेखा परीक्षण गर्नु पर्दछ । क्षयरोग डाटाको विश्वास र जवाफदेहिता कायम राख्न यी उपायहरू महत्त्वपूर्ण छन् ।

**तालिम र जागरूकता कार्यक्रमहरू**

निरन्तर सूचना व्यवस्थापन तालिम कार्यक्रमहरूले नेपालमा क्षयरोगको डेटा ह्यान्डलिङमा संलग्न सबै कर्मचारीहरूलाई डेटा सुरक्षाका लागि उत्तम अभ्यासहरू गराइ यस सम्बन्धी कानुनी आवश्यकताहरू बारे सचेत गराउन सकिन्छ ।

अतः नेपालमा क्षयरोग प्रिभिलेन्स २०१८/१९ को सर्भेको नतिजा अनुसार वार्षिक अनुमानित क्षयरोगी संख्या र रोग पत्ता लागि उपचारमा आउने गरेको संख्यालाई हेर्दा करिब ६० प्रतिशत संभावित क्षयरोग प्रभावित व्यक्तिहरूको रोग पत्ता लगाइ उपचारको दायरामा ल्याउनका लागि राष्ट्रिय क्षयरोग रणनीतिक योजना २०७८/७९, २०८२/८३ तयार गरिएको छ ।

यो कार्यक्रम मार्फत स्थानीय तहलाई जवाफदेही बनाउँदै उल्लेखित चुनैतीलाई सामाना गर्न सहयोगी सिद्द हुने भएकोले सन् २०५० भित्रमा क्षयरोगीलाई प्रति दश लाख जनसंख्यामा एक जना भन्दा कममा ल्याउने नेपाल सरकारको सोच रहेको छ ।

स्थानीय श्रोत र साधनको परिचालन गरी गुणस्तरिय तथा दिगो रूपमा क्षयरोग सेवा प्रदान गर्न, क्षयरोग अन्तका लागि संघ प्रदेश र स्थानीय तहबिचको समन्वय र सहकार्य कायम गर्दै स्थानीय साझेदार तथा सरोकारवालासंगको स्वामित्व र संलग्नता विकास गर्न, क्षयरोग अन्तका लागि राजनैतिक प्रतिबद्धतासहित बिरामी मैत्री स्वास्थ्य प्रणालीको विकास गर्न आजको आवश्यकता भएकोले क्षयरोग सूचना प्रणालीमा सुधार आवश्यक रहेको देखिन्छ ।

स्वास्थ्य खबरबाट

# सिद्ध लोक भजन सार्वजनिक



**अविजित पन्थी**
*अर्घाखाँची*

अर्घाखाँची जिल्लाका विविध धार्मिक, सांस्कृतिक तथा प्राकृतिक गन्तव्यहरूलाई समेटेर निर्माण गरिएको 'मेरो अर्घाखाँची, हाम्रो अर्घाखाँची' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । यो सिर्जना अर्घाखाँची र पाल्पामा स्थायी रूपमा बसोबास गर्दै हाल काठमाडौंलाई कर्मथलो बनाएका संस्कृतिप्रेमीहरूको साझा पहलमा स्थापित श्री गोपाल सिद्ध लोक भजन पाणिनी समाजले ल्याएको हो ।

समाज विगत केही वर्षदेखि परापूर्वकालदेखि गाइँदै आएका पुराना भजनहरूको अभिलेखिकरण गर्दै आएको छ । साथै, नयाँ सिर्जनाहरू अडियो-भिडियोसहित बजारमा ल्याइने क्रम जारी राखेको छ । यी प्रयासहरूले समाजलाई लोकभजन प्रेमीहरूको माझ उल्लेखनीय चर्चा र रुचि प्राप्त गराएका छन् ।

यसपटक समाजले सार्वजनिक गरेको नयाँ गीत अर्घाखाँचीको धार्मिक, सांस्कृतिक र प्राकृतिक पहिचानलाई सशक्त रूपमा उजागर गर्ने उद्देश्यले तयार पारिएको छ । गीतका शब्द तथा लय समाजका अध्यक्ष शेशनारायण पोखेलले सिर्जना गरेका हुन् भने स्वरमा गोमा न्यौपानेले भावपूर्ण प्रस्तुति दिएका छन् ।

गीतको छायाँकन पाणिनी तपोभूमि, दह, दुर्वासेश्वर गुफा, अर्घा भगवती, मालारानी, बल्कोट पौवा, सुपादेउराली मन्दिर, खन दह, मृगस्थलीलगायत अर्घाखाँचीका ऐतिहासिक, धार्मिक र प्राकृतिक रूपमा महत्वपूर्ण स्थानहरूमा गरिएको हो । यी दृश्यहरूले अर्घाखाँचीको भौगोलिक सुन्दरता, आस्था, सांस्कृतिक जीवन्तता र पर्यटन सम्भावनालाई आकर्षक ढङ्गले प्रस्तुत गरेका छन् ।

भिडियोमा स्मारिका ढकाल, सुरेश कोली र गोमा न्यौपानेको नृत्य संयोजन रहेको छ भने सुरज खनालले निर्देशन गरेका छन् । भिडियोमा पाणिनी गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपाने, उपाध्यक्ष नर्मदा पौडेल गौतम, पूर्व अध्यक्ष अचुत गौतम, पूर्व उपाध्यक्ष लक्ष्मी गौतम, पर्यटन प्रवर्धनमा सक्रिय अर्जुन पोखरेल, समाजसेवी तथा बौद्धिक व्यक्तित्व पत्रकार सहयोगी बिसीलगायतको उल्लेखनीय उपस्थिति रहेको छ । यी व्यक्तित्वहरूको सहभागिताले भिडियोको सांस्कृतिक, सामाजिक तथा भावनात्मक महत्वलाई अझ गहिरो बनाएको समाजले जनाएको छ । छायाँकन अवधिभर कलाकारहरूको बसोबास पाणिनी गाउँपालिकाको दुर्गाफाँटस्थित सगुन रिसोर्टमा गरिएको थियो ।

अध्यक्ष शेशनारायण पोखेलले गीत सार्वजनिक गर्दै यस गीतको मुख्य उद्देश्य अर्घाखाँचीको पर्यटन प्रवर्धन, स्थानीय पहिचानको प्रचार-प्रसार र मौलिक संस्कृतिको नयाँ पुस्तासम्म पुऱ्याउनु रहेको बताए । हामी यस प्रकारका मौलिक, विविधता भएका सांस्कृतिक सिर्जनाहरूको निरन्तरता दिँदै आगामी दिनहरूमा थप व्यवस्थित रूपमा लोक भजन र परम्परा संरक्षणमा योगदान गर्ने प्रतिबद्धता पनि उनले गर ।

समाजका अनुसार, यो गीतले अर्घाखाँची जिल्लाको सांस्कृतिक पहिचान, धार्मिक आस्था र प्राकृतिक सौन्दर्यलाई राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने महत्व राख्दछ । स्थानीय भजन, नृत्य र दृश्य संयोजनमार्फत भिडियोले भूगोलिक विविधता, झरना-दह-गुफा-मन्दिर जस्ता पर्यटन स्थलहरूको आकर्षण र स्थानीय जीवनशैलीलाई व्यापक रूपमा प्रतिनिधित्व गरेको छ ।

भिडियोले जिल्लाको सांस्कृतिक आत्मा, धार्मिक श्रद्धा र प्रकृतिको सौन्दर्यलाई मात्र प्रस्तुत गरेको छैन, यसले युवापुस्तामा मौलिक पहिचानप्रतिको अभिमान र सांस्कृतिक जरा-मूलप्रति चासो जगाउने महत्त्वपूर्ण भूमिका निभाउने अपेक्षा गरिएको समाजले जनाएको छ ।

स्थानीय कलाकर्मीदेखि परम्परा बोकेका वरिष्ठद्वारा गरिएको यस्तो सामूहिक पहलले अर्घाखाँचीलाई सांस्कृतिक अभियानको नयाँ क्षितिजतर्फ अग्रसर गराउने विश्वास पनि व्यक्त गरिएको छ ।

# १९ करोडमा १३२ योजना निर्माण गरिने



स्याङ्जा । जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्याङ्जाले झण्डै १९ करोडको लागतमा १३२ योजना निर्माण गरिने भएको छ । आर्थिक वर्ष २०८२/०८३ मा १८ करोड ८१ लाख ५० हजारको लागतमा साना र ठूला गरी १३२ वटा योजना निर्माण गरिने भएको हो ।

जिल्लाकै ठूलो आयोजनाको रुपमा दुई करोड ६ लाखको लागतमा आँधीखोला, पुतलीबजार, भीरकोट र वालिङ नगरक्षेत्रमा आँधीखोला नियन्त्रणको योजना सञ्चालन हुनेछ । एक करोडको लागतमा जिल्लाको दोस्रो ठूलो आयोजनाका रुपमा चापाकोटटार सिँचाइ आयोजना र ४० लाखको लागतमा ज्याग्दीखोला-बाह्रबिसे सिँचाइ आयोजना निर्माण गरिने भएको कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार वालिङ क्षेत्रको उदियाचौर सिँचाइ आयोजनालाई २५ लाख, डुम्रीकोट-अर्चलखोला मियाले र बायखोला-सियाले एकीकृत सिँचाइ आयोजना २४/२४ लाखको लागतमा निर्माण गरिने छ । फेदीखोलाको सेतीखोला-स्थानेचौर सिँचाइलाई २४ लाख ५० हजार, आँधीखोला गाउँपालिकाको सम्धीखोला-बुढीकुलो आयोजनालाई २४ लाख र गल्याङ नगरपालिकाको छहरा-क्यादी र बृहत कुरुङचे सिँचाइ आयोजना २२ लाख ५० हजार दरको लागतमा निर्माण हुनेछ ।

जिल्लामा १५ लाखदेखि २० लाखको लागतमा २८ वटा सिँचाइका आयोजना सञ्चालन हुनेछ । त्यस्तै १० लाखदेखि १५ लाखसम्मका १६, ६ लाखदेखि १० लाखसम्मका ४१ र ५ लाख भन्दा कमको लागतमा ३७ वटा गरी झण्डै १९ करोडको लागतमा १३२ आयोजना सञ्चालन हुने जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख इञ्जिनियर किरण आचार्यले जानकारी दिए ।

'करिब १९ करोडको लागतमा निर्माण हुने १३२ आयोजनामध्ये अधिकांश क्रमागत सिँचाइ आयोजना छन्,' प्रमुख इञ्जिनियर आचार्यले भने-'आयोजनामा विनियोजित ठूला बजेटबाट आँधीखोला नदी नियन्त्रण र सिँचाइ कुलोको मर्मत तथा सम्भार गरिनेछ ।' विनियोजन बजेटले निर्माण हुने योजनामध्ये धेरै आयोजनाहरु कार्यान्वयनको चरणमै पुऱ्याएको आचार्यले जनाए ।

विनियोजन बजेट कार्यान्वयनमा कार्यालयले सक्रियता देखाएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा चालु वर्षमा वित्तीय र भौतिक प्रगति बढी हासिल गर्नेतर्फ काम भइरहेको कार्यालयले उल्लेख गरेको छ । आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित २७ करोड ९९ लाख ९० हजारमा २५ करोड ५० लाख ८६ हजार खर्च गर्न सफल कार्यालयले ९१ दशमलब १० प्रतिशत वित्तीय प्रगति र ९२ दशमलब ८९ प्रतिशत भौतिक प्रगति हासिल गरेको थियो ।

गएको वर्षमा १९४ हेक्टर क्षेत्रफल सिँचाइ कुलाको स्तरोन्नति, ८१ हेक्टर क्षेत्रफल सिँचाइ नविकरण र पूनर्स्थापना कार्यक्रम, ४८० मिटर आँधीखोला तटबन्ध निर्माण गरिएको कार्यालयका इञ्जिनियर सुनिल केसीले बताए । त्यसैगरी २६ दशमलब ४९ किलोमिटर पक्की कुलो निर्माण गरिएको छ भने २७९ कृषक कुलो सुधार गरिएको इन्जिनियर केसीले जनाए ।

जिल्लामा मुख्यबाली उत्पादनले ठूला फाँट मानिएका ठूलीबेशि, लामागे, सातुपसल बयरघारी, पकान, वालिङ, मिर्मि, जिमुवा, बिरुवा, मग्याम र चापाकोट क्षेत्रमन सिँचाइ योजनाहरु प्राथमिकतामा राखेर काम भइरहेको छ । खेती योग्य ठूला फाँटसँगै साना फाँटहरुमा सिँचाइ सुविधा विस्तारमा नयाँ कुला निर्माण र स्तरोन्नतिको काम गर्दै आएको कार्यालयले जनाएको छ ।


## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### चोरमारा, नवलपरासी(ब.सु.पु.)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति : २०८२।०८।१७**

यस कार्यालयबाट मिति २०८१।०७।१४ गते राष्ट्रिय दैनिकमा पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रितपूर्वक पेश हुन आएका बोलपत्रहरु खोली मूल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| 1 | 08/NCB/MB/WORKS/2082/83, Construction of Khusi park infrontof Nagar aspatal | Sukarma Construction and Suppliers, Buddhanagar,Kathmandu | 2,342,990.62 | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Ribdikot Rural Municipality
### Khasyauli, Palpa

## Second Notice for Invitation of Sealed Quotation

Date of publication: 3-December -2025

1. Ribdikot Rural Municipality, Khasyauli,Palpa invites electronic bids from eligible bidders for the procurement of worksas specified here under.
2. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
   **Information to deposit the cost of Bidding Document in Bank:**
   Name of the Office: Ribdikot Rural Municipality, Khasyauli,Palpa
   Name of Bank: Nic Asia Bank Ltd ( Harthok BranchPalpa)
   Office Account no: 0902050029116002(ANTARIK RAJASWA KHATA)
3. Bids must be submitted electonically before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Ribdikot Rural Municipality, Khasyauli, Palpa .
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (GA 3 – DHARAUTI KHATA-RIBDIKOT GAUPALIKA), A/CNo.:090CA50023041004) on behalf of RibdikotRural Municipality, Khasyauli, Palpa,or online bid must be valid security for a period of 45 days SQ counting after the of bid opening and must be accompanied by bid security, which shall be valid for minimum 30 days beyond the bid validity period.The scan copy of bid security should be uploaded in e-GP system during bid submission.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR- 2064 (with their revisions).
7. Incaseof confusion contact on 9847487945,9857075307 within office hours.The name, identification number and other details of the contract are as follows:

| SN | Contract Name | Identification No. | Estimated Amount inclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Thati Kalapani Road Ribdikot 7 | RRM/SQ/ WORKS-06/ 2082/83 | 1,999,854.92 | 1,000.00 | 50,000.00 | 18/12/2025 12:00 | 18/12/2025 13:00 | Online |

Chief Administrative Officer

## SUNWAL MUNICIPALITY
### OFFICE OF MUNICIPAL EXECUTIVE
### SUNWAL, NAWALPARASI
### Lumbini Province , Nepal

## Invitation for Bids–(E-bidding only)

First Date of publication Date of publication 3rd December, 2025A.D ( 17th Mangsir 2082 B.S)

- Sunwal Municipality Office of Municipal Executive, Sunwal, Nawalparasi invitesE-bids from eligible and qualified bidders for the Procurement of the following Projects.

| Contract no. | Name of Project | Estimated Amount Excluding VAT NRs. | Bid Security Amount, NRs. | Bid Doc. Fee Nrs. | Bid Submission Deadline | Bid opening Deadline |
|---|---|---|---|---|---|---|
| 17.SUN/ SQ/2082 /83 | Milan Pump dekhi dakshin Sadak badera ra Ward karyalaya Agadiko bato Pitch , Sunwal -13 | 1470302.26 | 43000 | 1000 | 03/09/2082 B.S 18/12/2025 A.D within 12:00 hrs | 03/09/2082 B.S 18/12/2025 A.D At 13:00 hrs |
| 18.SUN/ SQ/2082/83 | Ward office to Lumbini School Road , Sunwal-01 | 1290808.71 | 38000 | 1000 | | |
| 19.SUN/ SQ/2082/ 83 | Milantol Adhuro Nali Nirman ra Swastha Chowki Istarunnati, Sunwal-08 | 1722057.09 | 50000 | 1000 | | |
| 20.SUN/ SQ/2082/83 | Palpali tol ra shiva mandir tol nali Nirman,Sunwal-10 | 1297315.52 | 38000 | 1000 | | |
| 21.SUN/ SQ/2082/83 | Sadak Istarunnati Kalopatre Marmat, Sunwal-09 | 1304807.46 | 38000 | 1000 | | |
| 22.SUN/ SQ/2082/83 | Jyamire Adhuro Gate Nirman, Sunwal-07 | 842188.26 | 24500 | 1000 | 18/09/2082 B.S 02/01/2026 A.D within 12:00 hrs | 18/09/2082 B.S 02/01/2026 A.D At 13:00 hrs |
| 23.SUN/ NCB/2082 /83 | Phulbaritol ram Khadkako ghardekhi jusbin kharbin tiger samma Adhuro Kalopatre ra Pragatitol jane Bato Kalopatre, Sunwal-7,8 | 2152683.02 | 62000 | 3000 | | |

- Eligible bidders must visit PPMO website www.bolpatra.gov.np/egp to obtain further information and inspect the bidding documents
- Bidder should submit their bid electronically .Also submission of signed Letter of Bid , Power of Attorney ,Business Registration and renew certificate for F.Y 82-83 & Tax clearance certificate up to FY 2081/ 82 or Time Extension must be submitted .
- Any conditions not covered so far shall be as per FAR 2056 (Latest Revision), Procurement Act 2063, and Procurement Regulation 2064 (Latest amendment).
- Any amendment in this notice shall be pasted on the notice board of the client's office& PPMO online Portal.
- SunwalMunicipality,Office of Municipal Executive reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी

# स्याङ्जाको कफी जापानदेखि अमेरिकासम्म निर्यात



प्रकाश डोटेल
*स्याङ्जा*

नेपालमा कृषि पेशाबाट राम्रो आम्दानी गर्नु त परको कुरा, जीवीकोपार्जन समेत चल्दैन। कृषिजन्य उत्पादन बढाउन वर्षेनी समयमै मल नपाइने। समयमै मल पाइयो भने उत्पादन राम्रो छ, भित्र्याउने बेला बाँदर आतंक र प्राकृतिक विपत्ती।

कदमकदाचित उत्पादन भए बजार अभाव। पछिल्लो समय कृषि क्षेत्रमा देखिएका यी र यस्तै समस्याहरु बढ्दै जाँदा चुनौती थपिदै गएका छन्।

यावत समस्या र चुनौतीकाबिच स्याङ्जामा उत्पादित कफी जापान, कोरिया र अमेरिका निर्यात हुँदै आएको छ।

जिल्लामा उत्पादित कफी स्वादिष्ट र गुणस्तर भएपछि विदेश निर्यात हुँदै आएको हो। विगतका वर्षहरुमा जापान, कोरिया र अमेरिका निर्यात हुँदै आएको स्याङ्जाली कफीको पछिल्लो समय अष्ट्रेलियामा समेत माग गरिएको छ।

लामो समयदेखि कफी निर्यात व्यवसाय गर्दै आएका अगुवा कृषक बोधराज अर्यालले जिल्लामा उत्पादित कफीको ठूलो हिस्सा जापान निर्यात भएको बताए। वार्षिक रुपमा सबैभन्दा बढी ८ टनदेखि १० टनसम्म जापान निर्यात हुँदै आएको छ भने ५ टनदेखि ८ टनसम्म अमेरिका र तीनदेखि ५ टन कोरिया कफी निर्यात हुँदै आएको अर्यालले जनाए। उत्पादन बढाउन सके जापान, अमेरिका र कोरिया थप निर्यात गर्न सकिने बताएका कृषक अर्यालले उत्पादनले थेगेमा र बढाउन सके कम्तीमा दुई टन अष्ट्रेलिया निर्यात गर्न सकिन्छ, स्याङ्जाली कफीको माग बढ्दै गएको सुनाए।

जिल्लाका चार हजार बढी कृषकले वार्षिक २ लाख किलो फ्रेसचेरी (रातो दाना) कफी उत्पादन गरेका छन्। अघिल्लो वर्ष एक लाख ८० हजार किलो उत्पादन भएको कफी पछिल्लो वर्ष २ लाख किलो पुगेको हो। संकलन १२ र ढुवानी तीन रुपैयाँसहित प्रतिकिलो १२५ रुपैयाँमा फ्रेसचेरी बिक्रीबाट कृषकले वर्षमा झण्डै दुई करोड २० लाख नगद आम्दानी गर्न सफल भएका छन्।

उत्पादन भएको दुई लाख किलो फ्रेसचेरीको झण्डै ४० हजार किलो पार्चमेन्ट (ब्रोक्रा छोडाएको) तयार हुन्छ। पार्चमेन्टमध्ये झण्डै ९० प्रतिशत ग्रिनविन्स (खोस्टा फालेको) अवस्थाको कफी उत्पादन गर्न सकिन्छ। बिक्रीको लागि पूर्णरुपमा तयार भएको ग्रिनविन्समध्ये ९० प्रतिशत प्रतिस्पर्धात्मक बजारमा खपत र विदेश निर्यात हुँदै आएको छ भने १० प्रतिशत आन्तरिक बजारमा बिक्री वितरण हुँदै आएको जिल्ला कफी व्यवसायी संघ स्याङ्जाले जनाएको छ।

उत्पादित कफीको बजार सुनिश्चित र राम्रो मूल्य पाउँदै आएका कृषकको कफी खेतीप्रति आकर्षण बढ्दै गएको संघका व्यवस्थापक माया तिवारीले बताइन्। कृषकको आकर्षण बढेसँगै कफी लगाउने जमिनको क्षेत्रफल र उत्पादनमा प्रत्येक वर्ष वृद्धि हुँदै गएको संघसँग तथ्याङ्क छ। कफी लगाउने जमिनको क्षेत्रफल र कृषक बढेपनि मागअनुसारको कफी उत्पादन नभएको उनले बताइन्। जिल्लामा तीन सय रोपनी क्षेत्रफलमा कफी खेती गरिँदै आएको संघको तथ्याङ्कमा छ।

आर्थिक वर्ष २०८१/०८२ मा दुई सय ८० रोपनी क्षेत्रफलमा एक लाख ८५ हजार किलोग्राम कफी उत्पादन भएको थियो। चालु आर्थिक वर्ष २०८२/०८३ स्याङ्जामा कफी खेती गर्ने क्षेत्रफल बढेर तीन सय रोपनी पुगेको छ भने उत्पादन वृद्धि भई दुई लाख किलोग्राम कफी उत्पादन हुने भएको संघका व्यवस्थापक तिवारीले जानकारी दिइन्।

३० कृषक बराबर एक समूह बनाएर जिल्ला कफी व्यवसायी संघमा ६० समूह आबद्ध छन्। थोरैमा ६० जना कृषकको सहभागितामा एक सहकारीअन्तर्गत जिल्लामा १२ सहकारीमार्फत् वार्षिक रुपमा कफी उत्पादन हुँदै आएको छ। जिल्लाका ११ पालिकामध्ये हरिनास, चापाकोट र कालीगण्डकीमा संस्थागत रुपमा कफी उत्पादन भएको तथ्याङ्क नभए पनि अन्य पालिकामा भने समूह र सहकारीमार्फत् कफी उत्पादन हुँदै आएको छ।

स्याङ्जामा २०५५ सालदेखि व्यावसायिक रुपमा कफी खेती गरिँदै आएको छ। भिरालो पाखोबारी र वनजंगलभित्र कफी राम्रो उत्पादन हुन्छ। उत्तरतर्फ फर्किएको भूबनोटको जमिनमा रोपण गरेको तीनदेखि चार वर्षबाट उत्पादन लिन सकिने बिरुवाले झण्डै १२ देखि १४ वर्षसम्म उत्पादन दिने गरेको जिल्लाका अगुवा कफी उत्पादक कृषक फणीनारायण अर्यालले बताए।

# ‘नेपालको भ्रमणमा आउनुस्’



भैरहवा। लुम्बिनी प्रेस क्लब, रुपन्देहीले नेपालको भ्रमणमा आउन भारतीय पत्रकार र पत्रकारमार्फत् भारतीय नागरिकलाई आग्रह गरेको छ। नेपालको पर्यटन प्रवर्धन तथा भारतका ऐतिहासिक स्थलहरुको अध्ययनका लागि उत्तरप्रदेशको अयोध्या र बनारस पुगेको क्लबको टोलीले यस्तो आग्रह गरेको हो।

आइतबार बनारसस्थित काशी पत्रकार संघ र वाराणसी प्रेस क्लबसँग आयोजित भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा लुम्बिनी प्रेस क्लबले पर्यटन प्रवर्धनका लागि दुवै क्षेत्रका पत्रकारहरुबीचको सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिएको छ।

क्लबका अध्यक्ष कमल रायमाझीले लुम्बिनी र बनारस दुवै महत्वपूर्ण स्थल भएको बताए। उनले काशी पत्रकार संघ, बनारसी प्रेस क्लबलाई नेपालको भ्रमण गर्न आग्रह गरे। अध्यक्ष रायमाझीले भारतीय पत्रकारले पनि नेपाल भ्रमण गर्न यहाँका नागरिकलाई प्रेरित गर्नुपर्नेमा जोड दिए।

त्यस्तै महाराजगञ्ज प्रेस क्लबका अध्यक्ष अमित त्रिपाठीले नेपाल र भारतबिच रोटीबेटीको सम्बन्ध रहेको बताए। उनले पछिल्लो समय दुवै देशका पत्रकारबिच राम्रो सम्बन्ध स्थापित भएको बताए। अध्यक्ष त्रिपाठीले नेपालीले भारत र भारतीयले नेपालको भ्रमण गर्दा दुई देशको पर्यटन प्रवर्धनमा टेवा पुग्ने जनाए।

काशी पत्रकार संघका अध्यक्ष अरुण मिश्रले काशी पत्रकारको पनि तीर्थस्थल भएको बताए। उनले बनारस आर्थिक रुपमा पनि मजबुत बनेको जनाए। ‘लुम्बिनीमा भगवान गौतमबुद्धको जन्म भयो, उहाँले बोधगयामा ज्ञान प्राप्त गर्नुभयो, यसले पनि दुई देशबिच सदियौंदेखि प्रगाढ सम्बन्ध रहेको दर्शाउँछ।’-मिश्रले भने।

वाराणसी प्रेस क्लबका अध्यक्ष चन्दनकुमार रुपानीले नेपाली र भारतीय पत्रकार पर्यटन प्रवर्द्धनका लागि मिलेर अघि बढ्नुपर्नेमा जोड दिए। नौतनवा प्रेस क्लबका अध्यक्ष आलोक जोशीले पर्यटन प्रवर्धनमा जोड दिनुपर्ने बताए। काशी वरिष्ठ उपाध्यक्ष सुरेन्द्र तिवारीले दुई देशबिचको सम्बन्धलाई अझ बलियो बनाउनुपर्ने बताए।

लुम्बिनी प्रेस क्लबका संस्थापक अध्यक्ष माधव ढुंगानाले क्लबको बारेमा जानकारी गराउँदै तेस्रोपटक न्यूज फेस्टीवल आयोजना गर्न लागिएको जनाए। क्लबका उपाध्यक्ष दीपेन्द्र बडुवालले क्लबले आयोजना गर्न लागेको न्यूज फेस्टीवलमा सहभागी हुन काशी पत्रकार संघ र बनारसी प्रेस क्लबलाई आग्रह गरे।

क्लबका सल्लाहकार कुलमणि ज्ञवालीले नेपाल र भारतबिच सम्बन्ध बलियो रहेको बताउँदै यसअघि क्लबले सिक्किम प्रेस क्लबसँग भगिनी सम्बन्ध बनाएको उल्लेख गरे।

# १० विद्यार्थीलाई छात्रवृत्ति प्रदान




बुटवल। रोटरी क्लब अफ बुटवलले आफ्नो ३३औं चाटर नाइट एक विशेष समारोहका बिच सम्पन्न गरेको छ। सोही समारोहमा क्लबद्वारा स्थापना गरिएको अक्षयकोषबाट १० जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ। छात्रवृत्ति पाउनेमा कालिका मानव ज्ञानका अनिष पाण्डे, शान्ति नमूनाका लक्ष्मण थापा, नेपाल आधारभूत विद्यालयका शानवि थारु र नन्दनी मल्लाह, न्यू होराईजनका अनुप्रस भट्राई, सैनामैना मावीका सन्दीप बिक, लुम्बिनी बोर्डिङका राम बहादुर सार्की, सिद्धार्थ गौतम बुद्ध क्याम्पसका झरना शर्मा शान्ति नमूना मानव सेवा आश्रमका विमला पुन र फूलबारी आधारभूतका कल्याण गैर रहेका छन्। उनीहरुलाई जनही ५ हजार नगद र प्रमाणपत्र प्रदान गरिएको अध्यक्ष कृष्ण पराजुलीले बताए।

रुपन्देहीको तिलोत्तमामा सञ्चालित टाइगर प्यालेस होटलमा मनाइएको चाटर नाइटमा क्लबका पदाधिकारी, पूर्व अध्यक्षहरू, रोटेरियन तथा शुभेच्छुकहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि रोटरी डिष्ट्रिक ३२९२ नेपाल भुटानका पूर्व गर्भनर राजेन्द्र ध्वजुले क्लबले गरेका कामको प्रशंसा गर्दै आगामी दिनमा अझ प्रभावकारी कार्यक्रममार्फत् समुदायमा सकारात्मक प्रभाव विस्तार गर्दै लैजान सुझाव दिएका थिए। उनले नेतृत्व एक्लेले गर्नेभन्दा पनि टीमले गरियो भने त्यसले सार्थकता पाउने धारणा राखेका थिए।

कार्यक्रममारोटरी डिष्ट्रिक ३२९२ नेपाल भुटानका असिस्टेन्ट गर्भनर हरि लम्सालले क्लबले गरेका अनुकरणीय कार्यको व्यापाक प्रचारप्रसार गर्न कन्जुस्याइँ गर्न नहुने सुझाव दिए।

क्लबका अध्यक्ष कृष्ण पराजुलीले स्वागत मन्तव्य दिंदै ३३ वर्षको यात्रामा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे। अध्यक्ष पराजुलीले क्लबले सञ्चालन गर्दै आएका वृक्ष रोपण, स्वास्थ्य शिविर, छात्रवृत्ति कार्यक्रम, रक्तदान तथा शान्ति प्रवर्द्धनसम्बन्धी गतिविधि निरन्तर अघि बढाइने बताए।

कार्यक्रममा उत्कृष्ट रोटरी पत्रकारिता पुरस्कारबाट राज्य टेलिभिजनका समाचार प्रमुख यमलाल भुसाललाई सम्मान गरिएको सचिव शिवकुमार ज्ञवालीले बताए। कार्यक्रममा चेयर अफ प्रेसिडेन्ट काउन्शील महेन्द्रप्रसाद श्रेष्ठ, निवर्तमान अध्यक्ष प्रज्ज्वल थान्जु प्रेसिडेन्ट इलेक्टेट मधु अर्याल प्रेसिडन्ट नोमिनी यदुनाथ पाण्डेलगायतले समसामयिक विषयमा प्रकाश पारेका थिए।

## अन्तरविद्यालय टी-२० क्रिकेटः
# जेसीज सेकेन्डरी र भैरहवा नमूना मावि विजयी




भैरहवा। स्वर्गीय शेरबहादुर सेञ्चुरी स्मृतिअन्तर्गत मंगलबार भएका दुई खेलमा जेसीज सेकेन्डरी स्कूल र भैरहवा नमूना मावि विजयी भएका छन्। जेसीजले प्यारामाउण्ट बोर्डिङ हाई स्कूललाई ७ विकेटले पराजित गर्दा नमूनाले मोर्डन स्कूलमाथि ४ विकेटको जित निकालेको छ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको प्यारामाउण्टले १८ ओभर २ बलमा अलआउट हुँदै ८४ रन बनायो। उसका लागि आर्यन भण्डारीले ३८ र अर्पण कोइरालाले ११ रन बनाए। बलिङमा जेसीजका अमितकुमार यादवले ४ र प्रथम जीएमले २ विकेट लिए।

जवाफमा जेसीजले १२ ओभरमा ३ विकेटको नोक्सानीमा ८५ रन बनाउँदै जित निकाल्यो। उसको जितमा अमोज बस्यालले २६, शाही आलम अन्सारीले नटआउट १६ र सम्राट राईले १३ रन बनाए। बलिङमा प्यारामाउण्टका सुशान्त सिलवाल र दर्शन क्षेत्रीले १-१ विकेट लिए। जेसीजका अमितकुमार यादव प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

यस्तै, दोस्रो खेलमा टस हारेर ब्याटिङ गरेको मोर्डनले ९ विकेट गुमाएर १ सय ६५ रन बनायो। उसका लागि समिर खानले नटआउट ७१, आर्यन चौरसियाले २४ र इरशाद खानले १८ रन बनाए। बलिङमा भैरहवा नमूनाका मेहताब आलमले ४ र सोमनाथ चौधरीले ३ विकेट हात पारे।

जवाफी ब्याटिङ गरेको भैरहवा नमूनाले १९ ओभर ४ बलमा ६ विकेटको नोक्सानीमा १ सय ६६ रन बनाउँदै जित निकाल्यो। उसको जितमा सोमनाथ चौधरीले नटआउट ३२, सत्यम हरिजनले २८, मेहताब आलमले १८ र तबराज इद्रिसले १५ रन बनाए। खेलमा नमूनाले ४८ रन अतिरिक्त पाएको थियो। बलिङमा मोर्डन स्कूलका दिलजन मोहमद र सदब खानले २-२ विकेट लिए। मेहताब आलम प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

रुपन्देहीका ३० वटा विद्यालयको सहभागिता रहेको प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए। यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन्। प्रतियोगिता पुस १ गतेसम्म चल्ने छ। प्रतियोगितालाई पर्वत ज्वेलर्स भैरहवाले प्रायोजन गरेको छ।

# मणिमुकुन्दद्वारा विद्यार्थीलाई न्यानो कपडा



बुटवल। मणिमुकुन्द कलेज बुटवल-११ ले पाल्पाको तिनाउ गाउँपालिका-३, मरेकका विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ।

संस्थागत सामाजिक उत्तरदायित्वलाई मनन् गर्दै विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि मरेकको सरस्वती प्राथमिक विद्यालयमा अध्ययनरत छात्र-छात्रा तथा शिक्षक शिक्षिकाहरुलाई न्यानो कपडा ट्र्याक्सुट वितरण गरेको हो। मणिमुकुन्द कलेजमा सक्रिय संस्था मास र एमएससीसीको पहलमा कलेजका शिक्षक तथा विद्यार्थीहरु र कलेजबाट संकलन भएको रकमबाट न्यानो कपडा खरिद गरी वितरण गरिएको हो।

सो अवसरमा सरस्वती प्राथमिक विद्यालयका प्रधानाध्यापक लक्ष्मण पाण्डे, वडा नं. ३ का जन प्रतिनिधि टंक बस्यालले बुटवलको कलेजले पाल्पाको ग्रामीण बस्तीको सरकारी विद्यालयमा आएर न्यानो कपडा वितरण गर्नु निकै सराहनीय काम भएको बताए। कलेजको यो सहयोगले जाडो मौसममा विद्यार्थीको पठनपाठनमा सहजता ल्याउने बताए।

कार्यक्रममा मणिमुकुन्द कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले संस्थाले हरेक वर्ष आवश्यकताका आधारमा एउटा सरकारी विद्यालयका छात्रछात्रालाई न्यानो कपडा वितरण गर्दै आएको जनाए। उनले यसबाहेक संस्थाले खेलकुद र अन्य सामाजिक क्षेत्रमा समेत सक्दो योगदान गर्दै आएको बताए। कार्यक्रममा सरस्वती प्राथमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ध्रुव चिदीमगर, मणिमुकुन्द कलेजमा क्रियाशील मासका अध्यक्ष भुवन न्यौपाने, शिक्षक विष्णु आचार्यले आ-आफ्ना भनाइ राखेका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत ५१ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com